# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, पौष १६ गते २०३० साल [संख्या ३७

श्री ५ को सरकार

स्वास्थ्य मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बाग्लुङ अस्पतालको विस्तारको निमित्त धवलागिरी अञ्चल, बाग्लुङ जिल्ला, कालिका आदर्श गाँउ पञ्चायत वडा नं. ८ माझकोट अन्तर्गतको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन तथा जग्गा प्राप्ति नियमहरू, २०२६ अनुसार क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व जुक्तिबल्लभ गौरीश्वर भन्ने हरिप्रसाद जुक्तिबल्लभ पवित्रानन्द दली समेतको पाखो बारी, पश्चिम मूल सडक, उत्तर अस्पताल एरिया, दक्षिण शास्त्रदत्त पन्तको घरबारीको साँध यति ४ किल्लाभित्रको मालपोत जम्मा रू. १।३७ (एक रूपैया सैंतीस पैसा) लाग्ने जम्मा जग्गा माटो मुरी ३३।११।३।२ (तेत्तीस मुरी एघार पाथी तीन माना दुई मुठी) को जग्गा कित्ता – – – – – – – – १

आज्ञाले–

हरिहरजंग थापा

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।